# यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड
# United Ajod Insurance Limited

केन्द्रिय कार्यालयः सिटिसि मल सुन्धारा, काठमाडौं
सम्पर्क नं.: ०१-५३३३७४३, ०१-५३४४०१३, ०१-५३४४०१३, ०१-५३३३७४३
इमेलः info@unitedajodinsurance.com, वेभसाइटः unitedajodinsurance.com


## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**विवरण सार्वजनिक गरेको अवधि : २०८१/१०/०१ देखि २०८१/१२/३१**

१. **निकायको स्वरुप र प्रकृति :** यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बीमा ऐन, २०७९ बमोजिम सञ्चालित निर्जीवन बीमा कम्पनी हो ।

२. **निकायको काम, कर्तव्य र अधिकार :** बीमा ऐन २०७९, कम्पनी ऐन २०६३, धितोपत्र सम्बन्धि ऐन २०६३, प्रचलित अन्य कानून, नियम तथा निर्देशिकाहरुको अधिनमा रहि निर्जीवन बीमा व्यवसाय गर्ने ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :** यस अवधिमा कम्पनीमा कार्यरत कर्मचारी संख्या ५२६ रहेको छ । विभिन्न बिभागहरुको गठन गरी कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भईरहेको छ । व्यवस्थापन तह तथा विभागीय प्रमुखहरुको नामावली कम्पनीको वेबसाइट www.unitedajodinsurance.com मा रहेको छ ।

४. **निकायमा प्रदान गरिने सेवा :** बीमा नियमावली, २०८१ बमोजिम निर्जीवन बीमा कम्पनीले प्रदान गर्न सक्ने सम्पूर्ण बीमा सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरु :** कम्पनीको प्रधान कार्यालय (सि.टि.सि. मल, सातौं तल्ला, सुन्धारा काठमाण्डौ) र विभिन्न ६ वटा प्रादेशिक कार्यालय, ३९ वटा शाखा, ४३ वटा उपशाखा कार्यालयहरु, ६ वटा तेश्रो पक्ष बीमा काउण्टर र १५ वटा एक्टेन्सन काउण्टरबाट सेवा प्रदान गरिदै आएको छ । सेवा प्रदान गर्ने निकायको शाखा तथा जिम्मेवार अधिकारीहरुको विवरण कम्पनीको वेबसाइट www.unitedajodinsurance.com मा उपलब्ध छ ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :** नेपाल बीमा प्राधिकरणबाट तोकिएको बीमादर बमोजिम र अन्यको हकमा जोखिम विश्लेषणको आधारमा बीमाशुल्क लिने गरिएको छ । बीमा दाबीको फर्स्यौट सम्बन्धमा बीमा नियमावली, २०८१ को नियम ९१ तथा बीमा दाबी भुक्तानी मार्गदर्शन, २०८१ बमोजिम दाबी भुक्तानी गरिन्छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :** बीमा कारोबारको सम्बन्धमा जिम्मेवारी अनुरुप विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रकृया मिलाइएको छ । विशेष निर्णयको हकमा विषयवस्तु प्रकृति अनुसार कम्पनीका उप-शाखा, शाखा तथा प्रादेशिक प्रमुख, विभागीय प्रमुख, सहायक महाप्रवन्धक, नायव प्रमुख कार्यकारी अधिकृत, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनीको सञ्चालक समितिले गर्ने गर्दछ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** ग्राहकको गुनासो सुन्न तथा उजुरी गर्नको लागि विषय बस्तु प्रकृति अनुसार कम्पनीका उप-शाखा, शाखा तथा प्रादेशिक प्रमुख, विभागीय प्रमुख, सहायक महाप्रवन्धक, नायव प्रमुख कार्यकारी अधिकृत र प्रमुख कार्यकारी अधिकृतलाई उजुरी सुन्ने अधिकृतको रुपमा तोकिएको छ ।

९. **सम्पादन गरेको कामको विवरण :** बीमा ऐन २०७९, बीमा नियमावली २०८१ बमोजिम निर्जीवन बीमा कम्पनीले गर्न सक्ने सम्बन्धी सम्पूर्ण कार्यहरु सम्पादन भईरहेको छ ।

१०. **कार्यालय प्रमुख तथा सूचना अधिकारीको नाम र पद :**

कार्यकारी प्रमुखको नाम : श्री कमल गौतम, प्रमुख कार्यकारी अधिकृत,

सूचना अधिकारीको नाम : श्री बैद्यनाथ प्रसाद उपाध्याय, कम्पनी सचिव/सहायक महाप्रवन्धक,

साथै यस कम्पनीका उप-शाखा, शाखा तथा प्रादेशिक कार्यालयहरुमा सम्बन्धित कार्यालय प्रमुखहरुलाई समेत सम्बन्धित शाखाको सरोकारको हकमा सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि :** बीमा ऐन, २०७९, कम्पनी ऐन, २०६३ , धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, आयकर ऐन, २०५८, श्रम ऐन २०७४, बोनस ऐन, २०३०, मूल्य अभिबृद्धि कर ऐन, २०५२ र सो ऐन अन्तर्गत बनेका नियम विनियम नियमनकारी निकायहरुबाट जारी निर्देशिकाहरु ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :** कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र–पत्रिकामा प्रकाशित हुँदै आएको छ र यस कम्पनीको वेबसाइट www.unitedajodinsurance.com मा समेत रहेको छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण :** नभएको ।

१४. **अघिल्लो आर्थिक वर्षमा निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :** वार्षिक साधारण सभा, विशेष साधारण सभा, कर्मचारीहरुको तालिम, अभिकर्ता तालिम, गोष्ठी र सेमिनार आदि ।

१५. **निकायको वेभसाइट भए सोको विवरण :** www.unitedajodinsurance.com

१६. **निकायले प्राप्त गरेको वैदेशिक सहयोग, ऋण, अनुदान, प्राबिधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** कम्पनीले वैदेशिक सहायता, ऋण, अनुदान प्रप्त गरेको छैन । Best Meridian Insurance को अगुवाईमा अन्य पुनर्बीमकसँग पुनर्बीमा सम्झौता गरेको छ ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन :** वार्षिक साधारण सभा, विशेष साधारण सभा, वार्षिक प्रतिवेदन, त्रैमासिक आर्थिक विवरणहरु कम्पनीको वेबसाइटमा समेत राखिएको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको अवधि :** हालसम्म नभएको ।

१९. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :** नभएको ।

२०. **निकायको सूचनाहरु अन्यत्र प्रकाशित भएका वा हुने भएका भए सोको विवरण :** प्रत्येक ३ महिनामा प्रकाशित हुने त्रैमासिक आर्थिक विवरणहरु, धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३ बमोजिमका विवरणहरु ।